**Shabda Sadhana** **ISSN No: 2661-619X**
शब्दसाधना वर्ष ७, अङ्क १ : १ -११, कार्तिक २०८१, **(November 2024)**

# देवकोटाका काव्यमा रहस्यवादी चेतना

**नारायण गडतौला**
नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

**लेखसार**

रहस्यवाद मानवीय संज्ञानको एउटा महत्त्वपूर्ण वृत्ति हो । यसले इन्द्रियभन्दा परका सत्य तथ्यलाई अनुभूतिको विषय बनाएर ग्राह्य बनाउँछ । यस लेखमा लक्ष्मीप्रसाद देवकोटाका कृतिलाई प्राथमिक स्रोत सामग्रीको रूपमा तथा रहस्यवादी चेतनाको अवधारणालाई द्वितीयक स्रोतको सामग्रीको रूपमा उपयोग गरिएको छ । दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । विश्वका धर्म, दर्शन र साहित्य जस्ता वाङ्मयका विधाहरूमा रहस्यवादी चेतनाको अभिव्यक्ति भएको पाइन्छ । नेपाली साहित्यका शिखर व्यक्तित्व महाकवि देवकोटाका साहित्यिक कृतिहरूमा रहस्यवादी चेतनाको प्राचूर्य पाइन्छ । इन्द्रियातीत एवं विश्वातीत सत्य तथ्यका सूक्ष्म स्पन्दनलाई आकारित गर्ने देवकोटा अगोचर दुनियाँमा पुगेर तिनलाई आफ्ना कविता एवं निबन्धमा मुखरित गर्दछन् । मानवको हार्द एवं कल्पनाग्राह्य विषयमा विश्वास गर्ने देवकोटा बौद्धिक विषयलाई पनि रहस्यमा घोलेर कवितात्मक द्रवणको स्वरूप प्रदान गर्दछन् ।

**शब्दकुञ्जी :** रहस्यवादी चेतना, ब्रह्म, जीव, इन्द्रियातीत, अगोचर ।

## विषयपरिचय

रहस्यानुभूति मानवीय चेतनाको आदिम वृत्ति मानिन्छ । मानिसले रहस्यको अनुभव उसको चेतनवृत्तिको उद्‌बोधनसँगै प्राप्त गरेको हो । प्रकृतिमा निगूढ तत्त्वको खोजी गर्दै ऐन्द्रियिक संसार भन्दा परको सत्य समात्ने प्रयत्नमा रहस्यको बोध भएको मानिन्छ । संसारका प्रायः सबै धर्महरूमा रहस्यवादले गम्भीर प्रभाव पारेको छ र यसको व्याप्ति ज्ञान विज्ञानका अन्य शाखाहरूमा पनि परेको छ । साहित्य पनि यसबाट अछुतो छैन । विशेष गरेर रहस्यवाद धर्म र दर्शनका क्षेत्रमा विकसित भएको विशिष्ट किसिमको चिन्तन हो । यसलाई चैतन्यको वस्तुसँगको साक्षात्कारका रूपमा लिइने हुँदा यो सामान्य किसिमको अनुभव भन्दा विशिष्ट किसिमको हुन्छ । विशिष्ट साधकहरूले साधनाको तहमा बोध गर्ने उच्च अनुभव र कविहृदयले आत्मसात गरेको वस्तुबोधको गम्भीर चेतको अभिव्यक्ति नै रहस्यवादको रूपमा परिचित छ । नेपाली साहित्यमा अनेक साहित्यकारहरूले रहस्यवादी चेतलाई आत्मसात गरेका छन् र ती मध्ये महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्य कृतिमा रहस्यवादी चेतनाको प्रखर अभिव्यक्ति पाइन्छ । अतः यहाँ रहस्यवादी चेतनाको सामान्य परिचय दिई देवकोटाका काव्य कृतिमा रहस्यवादी चेतनाको विश्लेषण गरिएको छ ।

## रहस्यवादी चेतना

'रहसि भव' भन्ने व्युत्पत्तिबाट रहस्य शब्द बनेको हो जसको अर्थ ऐकान्तिक, गोप्य, निगूढ, प्रच्छन्न आदि हुन्छ । सामान्य दृष्टिबाट नदेखिने भित्री तत्त्व भएकाले रहस्यलाई जादु, तन्त्रमन्त्र आदि

अलौकिक अर्थमा उपयोग गर्दै आत्मा र परमात्माको विषय समेतलाई रहस्य शब्द प्रयोग गरेको पाइन्छ । रहस्य नै वास्तविक तत्त्व भएको र त्यसको ज्ञान नै मानवका निम्ति मुख्य ध्येय, प्रेय र प्राप्य वस्तु हो भनेर स्विकार्ने सिद्धान्त नै रहस्यवाद हो ।

रहस्यवादलाई अङ्ग्रेजीमा 'मिस्टिसिज्म' भनिन्छ र यसको मूलरूप ग्रिक भाषाको mystes अथवा mustes भएको मानिन्छ । ग्रिसेली मूलरूपको अर्थ जीवन र मरण सम्बन्धी रहस्यको खोजी गर्नु भन्ने हुन्छ (लोढा, इ. २००२ : ४) । 'मिस्टिसिज्म' लाई mist शब्दसँग जोडेर तुँवालो, अँध्यारो जस्ता अर्थ बहन गर्ने शब्दका रूपमा पनि लिएको पाइन्छ (सिंह, इ. २००२ : ८१) । पहिलो शब्द पूर्वीय रहस्यवादसँग तुलनीय छ भने दोस्रो पनि लाक्षणिक रूपमा कुनै धुमिल वा प्रच्छन्न अर्थद्योतकका अर्थमा रहस्यवादसँग सादृश्य राख्त छ ।

रहस्यवादका अध्येता पश्चिमी विद्वान्हरू ब्राइटमेन, वट्रेन्ड रसेल, केयर्ड, हकिङ्ग आदिले यसलाई दैवीसत्ता, अध्यात्म, धर्म, मानव र ईश्वरको सम्बन्ध जस्ता अर्थसँग जोडेका छन् । रहस्यवाद निश्चय नै मानवीय ऐन्द्रियिक सीमाभन्दा परका सत्य तथ्यको खोजी नै हो र त्यस्ता वस्तुहरूमा आत्मा, ईश्वर, अलौकिक जगत् आदि पर्दछन् । यी वस्तुहरूलाई मानव न त उपेक्षा नै गर्न सक्तछ न त मूर्त रूपमा उपयोग नै गर्न सक्तछ । यति हुँदा हुँदै पनि रहस्यात्मक सत्य तथ्यको खोज, अनुसन्धानको उद्देश्य सधैं मानव र प्राणीमात्रको कल्याण र उन्नतिका निम्ति हुने गरेको छ । यो विशेष गरेर धर्मविज्ञानसँग जोडिएर कल्याणकारी ज्ञानको खोजी गर्ने चिन्तनका रूपमा विकास भएको छ ।

**रहस्यवादका विशेषता**

रहस्यवादलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले अर्थ्याएका छन् र यसका अनेक विशेषता औंल्याएका छन् । हरेन्द्रप्रसाद सिन्हाका अनुसार रहस्यवादका मूलभूत निम्नलिखित पाँचवटा विशेषताहरू छन् :

(१) रहस्यवादका अनुसार संसारका प्रत्येक वस्तु एकरूपताले परिपूर्ण छ ।
(२) रहस्यात्मक अनुभूति अद्भुत र अवर्णनीय हुन्छ ।
(३) आत्मा र परमात्माबिच तादात्म्य सम्बन्ध हुन्छ ।
(४) ईश्वरीय ज्ञान आत्मानुभूतिजन्य हुन्छ ।
(५) रहस्यवाद कलात्मक वृत्तिलाई उपयोग गर्दछ (सिन्हा, इ. १९१२ : २०८-१०)

आर.एम. वकले निम्नलिखित विशेषताहरू उल्लेख गरेका छन् :

(१) आत्मप्रकाश, (२) नैतिक उत्कर्ष, (३) बौद्धिक चमत्कार, (४) अमरत्वको भाव, (५) मृत्युको डर नहुनु, (६) पापबोधको अन्त्य, (७) आकस्मिकता (सिन्हा, इ. १९१२ : २११) ।

यसप्रकारका विशेषताहरूले रहस्यवादी चिन्तनलाई स्पष्ट गरेका छन् । संसारका सबै वस्तुहरूमा एउटै तत्त्वको व्याप्ति देख्ने र त्यस प्रकारको चैतन्य वस्तुलाई अद्भुत र अवर्णनीय ठान्ने प्रवृत्ति संसारका प्रायः सबै धर्म एवं दर्शनमा पाइन्छ । ऋग्वेदमा "एकं सद्विप्रा वहुधा वदन्ति" भनेर एउटै तत्त्वलाई विद्वान्हरूले विभिन्न नामले पुकार्ने गरेको उल्लेख पाइन्छ । संसारका सबै वस्तु एउटै ब्रह्मको व्यक्त रूप हो भन्ने कुरालाई आचार्य शङ्कर, रामानुज र अन्य आचार्यहरू पनि स्विकार्दछन् । आचार्य शङ्कर 'ब्रह्म सत्यं जगत् मिथ्या' भन्दै यस विशाल दृश्यप्रपञ्चलाई ब्रह्मको विवर्त (भ्रमात्मक प्रतीति) ठान्न पुग्दछन् । विविधतामय संसार अध्यासमात्र हो भनेर एउटै चिद् विशिष्टताको अभिव्यक्ति (manifestation) का रूपमा संसारलाई व्याख्या गर्दै एउटै ब्रह्म तत्त्वलाई सत्य मान्नु पनि रहस्यवादी एकत्ववाद नै हो । शङ्करको ब्रह्मविवर्तवादको खण्डन गर्दै वैष्णव आचार्य रामानुज ब्रह्मपरिणामवादको स्थापना गर्दछन् । यसमा पनि रहस्यवादी एकत्वको प्रभाव रहेकै देखिन्छ । रामानुज चित्, अचित् एवं ब्रह्मको सत्यत्व स्विकार्दा स्विकार्दै पनि जीवात्मा र प्रकृतिलाई ब्रह्मकै परिणति ठान्दछन् र जीव र प्रकृतिलाई ईश्वरको विशेषणका रूपमा लिन्छन् । यस प्रकारको रहस्यवादी चिन्तन पूर्वमा वैदिक संहिता, उपनिषद्, पुराणहरू, ललित साहित्य हुँदै नेपाली साहित्यमा पनि पाइन्छ ।

पश्चिमी परम्परामा पनि प्लेटोपूर्व नै रहस्यवादी चिन्तन भएको मानिन्छ । गणितज्ञ पाइथागोरस नै रहस्यवादी भएको मानिन्छ । प्लेटो स्वयं रहस्यवादी भएको कुरा उनको आदर्शको चिन्तनबाट स्पष्ट हुन्छ । उनी पनि सांसारिक वस्तुहरूलाई परम विचारको व्यक्त रूप ठान्दछन् । उनी आँखाले देखिने अश्वभन्दा बुद्धिले देखिने अश्वत्वलाई चाहिं सत्य ठान्दछन् । उनका विचारमा व्यक्ति घोडाहरू नाशवान् छन् तर घोडाको मूल रूप वा परम आद्यरूप भने अविनाशी छ (टर्नस्, इ. २०० : ८) । विल डुराँका अनुसार सुकरातको मृत्युपछि प्लेटो भौंतारिंदै गङ्गाका किनारहरूमा आएका र हिन्दु रहस्यवाद पढेका हुनसक्छन् (इ. २००६ : १७) । पश्चिमी परम्परामा रहस्यवादी चिन्तन पश्चवर्ती दार्शनिकहरूमा पनि पाइन्छ । जे होस् रहस्यवादले पूर्व पश्चिम सबैतिरका धर्म, दर्शन र साहित्यमा गम्भीर प्रभाव पारेको देखिन्छ । यहाँ नेपालका महाकविका साहित्यिक कृतिहरूमा परिलक्षित रहस्यवादी चिन्तनलाई केही शीर्षकहरूमा समाहार गरी विश्लेषण गरिएको छ ।

## छलफल तथा परिणाम

देवकोटाका काव्यकृतिहरूमा पूर्वीय रहस्यवादी चेतनाका साथै पश्चिमी रहस्यवादको प्रभाव देखिन्छ । विशेष गरेर स्वच्छन्दतावादी कविहरूले आत्मसात गरेको रहस्यवादी विचारलाई देवकोटाले आत्मसात गरेको पाइन्छ । पूर्वीय परम्परामा उपनिषद्मा पाइने ब्रह्म र जीववादी चिन्तन, चराचरमा व्याप्त एकत्व भाव, प्रकृतिमा अद्भुत एवं अवर्णनीयताको आभास, आत्मगत सत्यको टड्कारो अभिव्यक्ति, नैतिक उत्कर्षता, मृत्युलाई चुनौति र अमरत्वको भाव, इन्द्रियातीत

लोकप्रति विशेष आकर्षण जस्ता देवकोटेली रहस्यवादी चिन्तनले उनका काव्यकृतिहरू सम्पन्न देखिन्छन् ।

**ब्रह्म र जीवसम्बन्धी चिन्तन**

पूर्वीय तथा पश्चिमी धर्म एवं दर्शनले स्थापित गरेको असीम शक्ति ईश्वर वा ब्रह्म तत्त्व हो । यसै विराट् तत्त्वले यस संसारको सृष्टि गर्दछ र सबैमा व्याप्त रहेर तिनको सञ्चालन गर्दछ । उपनिषद्मा ब्रह्म तत्त्वको व्यापक विमर्श पाइन्छ । तैत्तिरीयोपनिषद्मा वरुण आफ्नो छोरा भृगुलाई ब्रह्म तत्त्वको परिचय दिँदै भन्दछन् : "यतो वा इमानि भूतानि जायन्त, येन जातानि जीवन्ति... तद् ब्रह्मेति ।" जसबाट यी सबै प्राणीहरू जन्मन्छन्, जसका आधारमा बाँच्छन्, जसमा विलीन हुन्छन् त्यसलाई नै ब्रह्म भनेर जान । यस प्रकारको रहस्यमय चिन्तनले महाकविलाई प्रभाव पारेको कुरा उनका काव्यमा यत्र तत्र देख्न सकिन्छ । जस्तो :

रंगीन उसको कला कति भला रसामा खुला
नचाउँछ पला पला सुचपला मुना कोपिला
अनेक रसिला थला मृदुगला गुँजिन्छन् भला
तँगीकन तला तला कुसुमरङ्गमञ्ची कला
छ ईश मृदु छन्दमा कुसुमबन्धका गन्धमा
विकास दिलको लिंदो किरणदार आनन्दमा
झिंनो छिनु चिनो दिंदो मधुर शिल्पको स्वल्पता
कुँदेर मृदु ओठ ती, छ मुस्काउँदो फूलमा
विशाल पटमा टमाटम भरी टुना चातुरी
टुसाउन लगाउने किसलयी हरा माधुरी
थपी रँग थरी थरी कुसुममा सहस्राऽधरी
विचित्र महिमा दिने कुन छ चित्रकारी हरि

(शाकुन्तल, ९/९-११)

उक्त पद्यहरूमा महाकवि देवकोटाले संसारको विचित्रता वर्णन गर्दै विचित्रता निर्माण गर्ने र तिनमा व्याप्त रहेर रङ्गीन बनाउने विराट् ब्रह्मको महिमा गायन गरेका छन् । संसार निर्माण गरेर थरी थरीका प्राणीको सृष्टि गर्दै तिनलाई नचाउने त्यो हरि नै हो र त्यसको अद्भुत कला बुझ्न नसक्नु छ भन्ने रहस्यवादी चिन्तनलाई यसमा व्यक्त गरेको पाइन्छ ।

सुलोचना महाकाव्यमा अझ स्पष्टसाथ संसार निर्माण गर्ने दिव्य जादुगरी शक्तिको महत्त्व गायन गरिएको छ ।

आफूले रचना विश्व सक्तैनौ गर्न, यो कुरा
याद भै आफुभन्दा त्यो अगोचर विशालको
पूर्णताका कला दिव्य झल्मलाउँदछन् जहाँ

जहाँ जगत् कणा जस्ता गङ्गाका तटमा बने
(सुलोचना, ४/१६)

विश्वको रचना गर्ने अगोचर पूर्ण तत्त्वलाई स्विकार्दै त्यस विराट् तत्त्वका सामू विशाल ब्रह्माण्ड पनि एक कण झैं लाग्ने ब्रह्मवादी रहस्यवादी चिन्तनबाट उक्त पद्यहरू प्रेरित देखिन्छन् । यस संसारको कर्ता, पालक र संहर्ता एउटै ब्रह्म तत्त्व हो भन्ने औपनिषदिक, पौराणिक एवं अन्य दार्शनिक चिन्तनलाई आत्मसात गरेर त्यसलाई आफ्ना काव्यमा व्यक्त गर्ने देवकोटा रहस्यचेता कविका रूपमा देखिन्छन् । उनले ब्रह्म शब्द नै प्रयोग गरेर त्यसको असीमित महत्त्व दर्साउने काम गरेका छन् ।

छ जो अमित ब्रह्मको निज अनन्त आनन्दिता
त्यही प्रथम भावको स्फुरणमा लिई स्पन्दता
सुगन्धसरि बन्द भै कुसुम कुड्मल स्वप्नमा
अनन्त मृदु ओठ ली छ कि वसन्त विस्तारमा
(शाकुन्तल, ९/१८)

ब्रह्मको सत्, चित् र आनन्द स्वरूप नै सम्पूर्ण जगत्मा विस्तार भएर संसार मुस्कुराएको हुँदा फूल, वसन्त आदिको सौन्दर्य झल्केको भावलाई यस प्रकारका अनेक पद्यहरूमा मुखरित गरिएको छ ।

देवकोटा जीव तत्त्व ब्रह्मको अंश हो र यो संसार दुई दिनको भुलभुलैया हो भन्ने विषयमा पनि आफ्ना रहस्यवादी विचार व्यक्त गर्दछन् । जस्तो :

जादूगर्नी छ माया उसपछि वनमा लोभिएको शिकारी
बिर्सी माता पिता नै घर स्वजन सबै राज्य छाडेर भारी
भुल्छौं हामी अनेकौं झिलिमिलिहरूमा मोह प्याला लिएर
आई आँधी सबै त्यो उडिकन चलदामा पशु झैं भएर
(जीवन वन, १)

उक्त पद्य औपनिषदिक दर्शन एवं पश्चवर्ती शङ्कर र रामानुज दर्शनमा विकसित रहस्यवादी चिन्तनबाट अत्यधिक प्रभावित देखिन्छ । यसमा विशेष गरेर रामानुज र उनीपछिका वैष्णव दार्शनिकहरूले प्रतिपादन गरेको जीव र ईश्वरको नित्य सम्बन्धलाई व्यञ्जित गरिएको छ । संसारमा जीवलाई भुलाउने शक्ति माया छ र मायाको वशमा परेर जीवात्मा शिकारी जस्तै सांसारिक वस्तुमा लोभिएको छ । जीवका वास्तविक माता पिता परब्रह्म हुन् र उसको वास्तविक घर ईश्वरको धाम हो र त्यही दिव्य राज्यलाई भुलेर भौतिक झिलिमिली वैभवमा भुलेका जीव आफ्नो चैतन्य चोलालाई पाशविक वृत्तिमा भुलाइरहेको छ भन्ने रहस्यवादी चिन्तन यसमा पाइन्छ । यस पद्यमा प्रयुक्त जादूगर्नी, माया, शिकारी, मातापिता, स्वजन, राज्य, झिलिमिली, मोह, प्याला, आँधी, पशु जस्ता शब्दहरू वेदान्त दर्शनका रहस्यवादी विचार व्यञ्जित गर्ने किसिमका छन् । यी शब्दहरूबाट संसार माया भएको, जीव मायावश संसारमा भड्किएको, जीवात्माका वास्तविक पितामाता ईश्वर भएको र उसको घर पनि परंधाम नै भएको जस्ता दार्शनिक रहस्यवाद प्रकट

भएको छ । विशिष्टताद्वैत दर्शनका प्रवर्तक तथा व्याख्याता मानिने आचार्य रामानुज ईश्वरको सगुण रूप स्विकार्दछन् र ईश्वर वात्सल्य, सौशिल्य, सौकुमार्य, सौलभ्य जस्ता अनेक गुणको खानी भएको स्विकार्दछन् । त्यस प्रकारको ईश्वरीय गुण जीवात्माका निम्ति पितृमातृ गुण भएकाले जीवात्माका वास्तविक मातापिता उनै ईश्वर हुन् भन्ने रामानुजको मत रहेको छ । विशिष्टाद्वैत सिद्धान्तले प्रतिपादन गरेको ईश्वर, जीव र तिनको सम्बन्धलाई उक्त पद्यमा देख्न सकिन्छ । यसरी देवकोटा आफ्ना काव्य कृतिहरूमा इन्द्रियातीत सत्य समात्ने प्रयास गर्दै रहस्यवादी दर्शनलाई मुखरित गर्न पुग्दछन् । यस प्रकारको चिन्तन देवकोटाका निबन्धहरूमा पनि पाइन्छ । जस्तो :

चित्, सङ्गति, साम्य, अभिप्राय यिनीहरूबाट हामी ईश्वरको सत्ता मान्दछौं । जडबाट चैतन्य आउँदैन भने यो चैतन्यको मुहान कहीं हुनुपर्दछ । त्यो विराट् चैतन्यलाई परब्रह्म भन्दछन् (पाँचौटा चाहिने कुराहरू) ।

इन्द्रियातीत रहस्यबाट इन्द्रिय गोचर वस्तु प्रकट हुन्छ र त्यो परं सत्य भनेको ब्रह्म हो । त्यसको प्रमाण जीव अथवा चित् तत्त्व नै हो भन्ने चिन्तनले देवकोटाको मन, मस्तिष्कलाई प्रभाव पारेको देखिन्छ । उनको जीवनका अन्त्यतिर लेखिएका 'पागल', 'शाहजहाँको इच्छा' जस्ता कवितामा पनि यस रहस्यवादी चेतको उत्तिकै अभिव्यक्ति देखिनाले करिव देवकोटेली काव्याभिव्यञ्जनमा रहस्यवादको मूल वृत्ति नै पाइन्छ भन्दा अत्युक्ति हुँदैन ।

## एकत्व भावको प्रदर्शन

रहस्यवादको महत्त्वपूर्ण चिन्तन चराचर जगत्लाई एउटै तत्त्वका रूपमा देख्नु पनि हो । संसारका सबै वस्तु एउटै व्यवस्थाबाट परिचालित छन् र यो व्यवस्थित छ । यहाँ कुनै विभेद छैन, प्रकृतिका तारा, चन्द्र, सूर्य आदि सबै एउटै व्यवस्थाले परिचालित छन् । यस प्रकारको चिन्तनले देवकोटालाई पनि प्रभाव पारेकै देखिन्छ । 'नक्षत्र हेर नभमा दिल साथ सोध' भन्दै आकाशका अनन्त ताराहरू पनि एउटै नियममा बाँधिएको कुरा उनले बताएका छन् । एकत्वको भावलाई विशेष गरेर निबन्धमा देख्न सकिन्छ । जस्तै :

> दृष्टिगोचर जगत् सपना होइन् विपना हो । परिवर्तनको खेल भित्र भए पनि यसमा असीम र परम सुन्दर विचित्र झल्काहरू छन् । जुन सौन्दर्य म एउटा फूलमा देख्दछु त्यही म मानिसको मुखमा, स्त्री जातिको लावण्यमा पनि देख्तछु । संसारलाई सौन्दर्यको लहरीहरूले रङ्गाइरहेका छन् । त्यो अनन्त सौन्दर्यलाई हरेक फूल, हरेक सुन्दर वस्तुले द्वार खुला गरिरहेछ, मानिसको हृदय यिनद्वारा सुन्दरको विचित्र देशभित्र पस्तछ (फूल) ।

उक्त निबन्धांशमा एउटै सौन्दर्य तत्त्व नै विभिन्न आकारमा रूपान्तर भएको कुरा बताइएको छ । सारा दृश्यमान वस्तुहरूको आकार, आकृति आदि नमिले पनि तिनमा व्याप्त तत्त्व एउटै भएकाले वास्तवमा संसारको सार एकत्वमा नै अडेको कुरा देवकोटा स्विकार्दछन् । सच्चा हृदय वा ज्ञानी सन्त महात्माहरूको दृष्टि, कवि हृदय त्यसै एकत्वलाई आत्मसात गरेर विश्व प्रपञ्चभित्र एउटै ध्वनि वा सौन्दर्यको अनुभूति गर्दछ । निबन्धकार देवकोटा आफ्ना निबन्धमा सबैमा व्याप्त सौन्दर्य

तत्त्व एउटै भएको ठान्दछन् । उनका काव्यकृतिमा पनि यस प्रकारका अभिव्यक्ति पाइन्छन् । जस्तो :

छ चित् शबल रङ्गमा लहरिंदो लता संगमा
फुलेर मृदु ढङ्गमा मधुरता लिंदो अङ्गमा
अनेक छ त एकता बहुल मञ्जरीमञ्जुल
निकुञ्जभर गुञ्जिदो कुसुम पत्रमा पुञ्जिदो

(शाकुन्तल, ९/१३)

छ हास सब वासनामय महाचिदाभासमा
समुल्लसित ज्योति छन् सृजनका हृदाकाशमा

(शाकुन्तल, ९/१६)

माथिका सबै पङ्क्तिहरूमा सांसारिक विविधतामा एउटै तत्त्व भएको भाव पाइन्छ । संसारका बहुविध रङ्गमा एउटै चैतन्य भासित छ र त्यही मृदु भावमा विभक्त छ । बहुल देखिए पनि त्यसमा एउटै अन्तर्गुञ्जन पाइन्छ र सबै प्राणीमा वासना तत्त्व एउटै छ र एउटै तत्त्वले नै सृष्टि समुल्लसित छ । महाकवि देवकोटाले चराचर जगत्को वैविध्यलाई एउटै तत्त्वको परिणतिका रूपमा हेर्ने दृष्टि बनाएका छन् । यस प्रकारको दृष्टि रहस्यवादी चिन्तनकै परिणाम मानिन्छ ।

**नैतिक उत्कर्ष र अमरत्वको भाव**

देवकोटाका काव्यकृतिमा नैतिक उदात्तता र अमरत्वको भावलाई महत्त्वका साथ मुखरित गरेको पाइन्छ । रहस्यसँग नैतिकता, पवित्रता, उदात्तता, अमरत्व, निर्भयता जस्ता गुण जोडिएका हुन् । रहस्यवादीहरू रहस्यलाई ईश्वर, आत्मा, धर्म जस्ता कुरासँग जोड्दछन् । त्यसैले यो अत्यन्त गोपनीय मानिन्छ । महाभारतमा ‘धर्मस्य तत्त्वं निहितं गुहायां’ भनेर धर्मको तत्त्व रहस्यमय हुने उल्लेख गरिएको छ । देवकोटाका काव्यकृतिमा नैतिकता र आत्माको अमरत्व र मृत्युबाट निर्भयता जस्ता विषयलाई मानव जीवनको सङ्गतिका निम्ति उपयोग गरेको देखिन्छ । ‘वन’ कविता देवकोटाको उच्च नैतिकता र निर्भय भावको ज्वलन्त उदाहरण हो । सांसारिक वैभव त के स्वर्गीय वैभव पनि उनको नैतिकताका सामु तुच्छ देखिन्छन् । तत्कालीन शासक, सत्ता आदिको सामीप्यबाट प्राप्त हुने सबै प्रकारका सुख वैभवलाई तिलाञ्जलि दिएर परोपकार र सेवा भावको नैतिक उत्कर्षलाई यस कवितामा देखाइएको छ । नैतिक मार्गमा हिंड्दा अनेक दुःख, कष्ट झेल्नमात्र होइन काल (यमराज) नै उपस्थित भए पनि उनी त्यसबाट भयभीत हुँदैनन् । कुनै शक्तिका सामू पनि उनी नैतिकताको शिर झुकाउँदैनन् र डरले पलायन हुँदैनन् ।

शाकुन्तल महाकाव्य, सुलोचना, मुनामदन, कुञ्जिनी, सृजामातालगायत उनका काव्यकृतिका प्रमुख पात्रहरू नीतिवान् देखिन्छन् र स्वयं देवकोटा काव्य प्रयोजनका अनेक आयामहरूमा नीतिलाई पनि स्विकार्दछन् । जस्तो :

ठूला नीति सिकून् प्रजाहरू सिकून् सद्भक्तिको माधुरी
ज्ञानी ज्ञान सिकून् सिकून् कविहरू यो काव्यमा चातुरी

(शाकुन्तल, १/३१)

जादूका जन्मिई जान्छन् जादूझैं परलोकमा
जहाँ नीति तथा ऐन चैतन्य छ वरिपरि

(सुलोचना, ४/१८)

तर स्पष्ट हुन जान्छ कि चराचरमा दिव्य नीतिकै शासन रहेछ ।

(पाँचौटा चाहिने कुराहरू)

देवकोटा नीतिको महत्त्व गायन गर्दै आफ्ना पात्रहरूलाई उच्च नैतिक रूपमा उभ्याउँछन् । अनैतिकताका सामु झुक्नुभन्दा मृत्यु वरण गर्न उनका पात्रहरू उद्यत छन् । मुना गुण्डाको चिठी पढेपछि मदनको मृत्युको आशङ्काले मृत्यु वरण गर्छे भने सुलोचना, कुञ्जिनी, मदन, प्रमिथस आदि पात्रहरू अनैतिकताका विरुद्धमा उभिदैं मृत्यु वरण वा कठोर दण्ड सजाय भोग्न तयार देखिन्छन् । उच्च नैतिकताका निम्ति मृत्युको भय पनि तुच्छ देखिन्छ । त्यसैले नैतिक उत्कर्ष र त्यसका निम्ति निर्भयता दुवै रहस्यवादी चिन्तनले स्थापित गरेका मान्यता मानिन्छन् । सभ्यताको उषाकालदेखि नै मानवीय दर्शन उच्च नैतिक पक्षमा उभिदैं समाजलाई उत्तरोत्तर सभ्यतातर्फ प्रेरित गर्दै आएको छ । अतः मानव चिन्तनकै उच्च प्राप्ति मानिने नैतिकतालाई कविहरूले काव्यात्मक स्वरूप प्रदान गरेका छन् ।

**अगोचर वस्तुप्रति विशेष आकर्षण**

रहस्यवादीहरू वस्तु जगत्लाई अनित्य र क्षणभङ्गूर ठानेर इन्द्रियातीत अर्थात् अगोचर वस्तुप्रति आकर्षित हुन्छन् । देवकोटाले यस प्रकारको चिन्तनलाई आत्मसात गरेको देखिन्छ । उनले संसारलाई र जीवनलाई निषेध त गरेका छैनन् तर अनन्तको जादू र 'उता' को मोहले भने लोभ्याएको नै देखिन्छ । उनी यस जीवनको क्षणभङ्गूरतालाई राल सिंगानको जीवनका रूपमा लिन्छन् र उताको जीवनका बारेमा सोच्नु पर्ने विचार राख्तछन् । जस्तो : "हामी ऋणमा डुबिरहेछौं ! दुधको भारा तिर्न हिचकिचाउनु कातरता हो ! के तिमीलाई विश्वास छैन कि तिमी माटो होइनौ ? के अनन्त साठी वर्षको राल सिंगान भन्दा पर छैन ? उताको अनन्तता यताको बोक्रे झोक्राइमा खेर फाल्नु !" (वीरहरू)

उक्त निबन्धांशबाट थाहा हुन्छ गोचर दुनियाँ भन्दा अगोचर दुनियाँ महत्त्वपूर्ण छ । जीवनको क्षणिकताभन्दा अनन्त जीवन, पार्थिव संसार भन्दा अपार्थिव लोक, इह भन्दा परप्रति विशेष महत्त्व दिएको देखिन्छ । यद्यपि यसबाट उनले जीवन र जगत्को उपेक्षा गरेनन् तथापि जीवनका कायरता, पलायनता, गूढ मोह र अहङ्कार एवं निर्लिप्त जीवन भोगाइप्रति घृणा गरिरहे । 'भलाद्मी' निबन्धमा भलादमी र फुस्रा दुई पात्र सिर्जना गरेर उनी 'इह' र 'पर' को सन्तुलनमा जीवनको सचाइ भएको ठान्दछन् र 'योग एवं क्षेम' लाई आत्मसात गर्दछन् तर उनी अतीतको मोहमा उडिरहेका देखिन्छन् ।

शाकुन्तल महाकाव्यको प्रारम्भमै 'म त जान्छु सखे हिँडे अव' भन्दै उनी अलौकिक वृन्दावनरूपी काव्यकानन निर्माण गर्न चाहन्छन् । कुनै वृन्दावन, वैकुण्ठ, गोलोक जस्ता अगोचर दुनियाँले रहस्यवादीलाई आकर्षण गरिरहेकै हुन्छ । यो वर्तमान र जीवनप्रतिको विकर्षण नै हो । यस प्रकारको आकर्षण र विकर्षणको द्वन्द्वमा महाकवि देवकोटाका काव्य र निबन्धहरू देखिन्छन् तर पछिल्ला अवधिमा 'प्रमिथस' ज्वरशमना प्रकृति, पागल आदि काव्य, कवितामा कवि देवकोटा भूस्वर्गतर्फ नै झुकेका देखिन्छन् । पूर्ववर्ती लेखनमा पनि यस धर्तीलाई स्वर्ग बनाउने उनको चाह प्रकट भएकै देखिन्छ । त्यसैले उनको अगोचर दुनियाँप्रतिको आकर्षण पलायनवादी नभएर जीवन र जगत्का अँध्यारा पक्ष निवारण गर्ने नै देखिन्छ । यसलाई देवकोटाले 'प्रमिथस' महाकाव्यमा पुगेर ठिक ढङ्गले प्रकट गर्न पुगेका छन् । यस महाकाव्यमा प्रमिथसलाई आत्मा, बुद्धि, ज्ञान, ज्योति, विवेक आदिका रूपमा उभ्याएर जिउसलाई बल, अहङ्कार, दैवी हठ (प्राकृतिक जडता) जस्ता अनात्मतत्त्वका रूपमा प्रस्तुत गर्दै मानव त्यस प्रकार भौतिक जडताका विरुद्ध चैतन्य ज्योति जगाउँदै विजयतर्फ लम्केको कुरालाई देखाइएको छ । जस्तो :

म तयार छु तयार, झञ्झाको घोडा चढ्न
तयार छु डुब्न नेत्रजाल सागरमा
तयार सुइरिन, रोपिन, कुटिन, हतौडिन
कीलिन, कुल्चिन लोह पयरले दुष्टका
तयार परीक्षित हुन अन्तमा

(प्रमिथस, ३/३२)

प्रमिथसका उक्त वाक्यहरू आदिम मानवले जडता, अन्धकार, प्राकृतिक हठ एवं चैतन्य विरोधी अहंमन्यताका विरुद्धमा गरेका हुंकार हुन् र आज पनि मानवमा आएका आनुवंशिक जडताका विरुद्ध देवकोटेली हुंकारका रूपमा तिनलाई लिन सकिन्छ । समग्रमा अगोचर दुनियाँले देवकोटाको मन मस्तिष्कलाई गम्भीर प्रभाव पारेको छ र त्यसले उनका काव्यात्मक अभिव्यक्तिमा अतीत मोह सृजना गरेको देखिन्छ र त्यसको पनि प्रच्छन्न उद्देश्य जीवन जगत्का अँध्यारा पक्ष हटाउने नै देखिन्छ । विश्वातीत मोह वा विश्वासका आवरणमा यसै विश्वको परिष्कार गर्ने उद्देश्य रहे पनि त्यसको दार्शनिक धरातल भने रहस्यवादी देखिन्छ ।

माथिका रहस्यवादी चिन्तनबाहेक देवकोटाका काव्यमा आत्मसत्यको प्रकाशन, सिद्धान्त निष्ठताको उपेक्षा, प्रेमको सर्वोपरिता, जगत्प्रति करुणापूर्ण दृष्टिकोण, उदारवादी चिन्तन, निरपेक्ष सत्ताको सर्वोच्चता, अनुभवनिष्ठ सत्यको प्रकाशन, अन्तर्दृष्टिपूर्ण ज्ञानको महत्त्व, अकथनीय सत्यको सर्वोपरिता जस्ता वैशिष्ट्य पाइन्छन् । यी कुनै गणितमा सिद्ध गर्न सकिंदैन र कुनै शोध अनुसन्धानबाट सत्यापित गर्न सकिंदैन । यिनको सम्बन्ध सिधै आत्मासँग छ जुन भावमा झल्किन्छ । आफ्नो यस रहस्यवादी आत्मानुभवको परम सत्यलाई देवकोटाले स्वयं यसरी व्यक्त गरेका छन् :

म शब्दलाई देख्तछु

दृश्यलाई सुन्दछु
बास्नालाई स्वाद लिन्छु
आकाशभन्दा पातला कुरालाई छुन्छु
ती कुरा,
जसको अस्तित्व लोक मान्दैन
जसको आकार संसार जान्दैन

(पागल)

आकार र आकृतिमा आउनुपूर्वको स्पन्दनलाई हेर्ने, बैखरीको उद्गम परा वाक्को अनुगुञ्जन देख्ने, विशाल जगत् सृष्टि हुनुपूर्वको महासङ्कल्पलाई साक्षात्कार गर्ने अनि छैठौं इन्द्रियको उपयोग गरेर पूर्ण ब्रह्मको सायुज्य प्राप्त गर्ने देवकोटाको 'एक' सधैं पूर्ण छ । रहस्यवादले सधैं विवेकको तेस्रो चक्षुको उपयोग गर्ने हुँदा सामान्य दृष्टिले यो अबौद्धिक लागे पनि यो महाबौद्धिक हुने कुरा रहस्यवादी विलियम जेम्सको ठम्याइ छ । अतः देवकोटाका काव्य कृति अनुशीलन गर्न उच्च बौद्धिकताको आवश्यकता पर्दछ ।

## निष्कर्ष

रहस्यवाद मानवीय चिन्तनको इतिहासमा पुरानो संज्ञानको वृत्ति मानिन्छ । इन्द्रियातीत एवं विश्वातीत सत्यलाई समात्ने प्रयत्नमा रहस्यवादको उदय भएको र यो धर्म, दर्शन, साहित्य आदि क्षेत्रमा व्याप्त रहेको छ । रहस्य बोध अथवा रहस्यानुभूति चेतनाको विशिष्ट वृत्ति भएकाले यसले प्रकट गर्ने सत्य, तथ्य सूक्ष्म हुने मानिन्छ । वस्तुसँग आत्माको साक्षात्कार हुँदा प्राप्त हुने विशेष संज्ञान अरूभन्दा भिन्न र वास्तविक हुने मानिन्छ । रहस्यवादी चिन्तनले नै आत्मा, ईश्वर जस्ता सूक्ष्म तत्त्वको खोजी भएको र ती तत्त्व संसारका जुन सुकै धर्म, दर्शन र साहित्यमा अपरिहार्य भएर रहेका देखिन्छन् । रहस्यवाद सत्य तथ्यको साक्षात्कार गर्ने व्यक्त गर्ने पद्धतिका रूपमा पनि विकास हुन पुगेको देखिन्छ ।

नेपाली साहित्यमा रहस्यवादको प्रभाव प्राथमिक कालदेखि नै भएको हो र यसले आधुनिक कालका कविहरूलाई पनि उत्तिकै प्रभाव पारेको छ । तीमध्ये लक्ष्मीप्रसाद देवकोटा यसबाट अत्यधिक प्रभावित देखिन्छन् । ऐन्द्रियिक प्रत्यक्षभन्दा परका सूक्ष्म अनुभूतिलाई महत्त्व दिने देवकोटाका कृतिहरूमा ब्रह्म, आत्मा, यिनको सम्बन्ध, सम्पूर्ण वस्तुजगतमा एउटै तत्त्वको व्याप्ति देख्ने प्रवृत्ति, नैतिक उदात्तता, अमरत्वको भाव, आत्मनिष्टत्व, विश्वातीत वस्तुप्रति विशेष आकर्षण जस्ता अनेक रहस्यवादी चेतना मुखरित भएको छ । स्थूल व्यावहारिक सत्यभन्दा सूक्ष्म पारमार्थिक सत्यको अभिव्यञ्जनमा देवकोटाको रुचि देखिन्छ । प्रकृति चित्रण, ग्राम्य जीवनको प्रस्तुति, अतीततर्फको यात्रा, मानव र सम्पूर्ण प्राणीप्रतिको दयार्द्र चित्रण जस्ता विषयमा देवकोटा भाव सत्यलाई साक्षात्कार गर्दै निगूढ रहस्यतर्फ गहिरिन्छन् । शाकुन्तल, सुलोचना, प्रमिथस जस्ता महाकाव्य, लक्ष्मी निबन्ध सङ्ग्रहका अधिकांश निबन्धहरू, केही प्रगीतात्मक कविताहरूमा यस प्रकारको

रहस्यचेत टड्कारो देखिन्छ । महाकवि देवकोटाले रहस्यवादी चेतनालाई असामान्य र परम सत्यका रूपमा लिएका छन् । उनमा यस प्रकारको चेतना मूलतः उपनिषद्, गीता, पुराणहरू र पश्चिमी स्वच्छन्दतावादी कविका रहस्यमूलक काव्यात्मक प्रवृत्तिबाट प्राप्त भएको देखिन्छ ।

महाकवि देवकोटाले आफ्नो रहस्यानुभूतिलाई मानव कल्याण, राष्ट्र हित तथा सम्पूर्ण चराचर जगत्को कल्याणका निम्ति उपयोग गरेका छन् । साधारण व्यवहारबाट पलायन नभएर युगीन राजनीति, सामाजिक कुरीति, रुढिवादी अन्धता, साम्राज्यवादी हत्या, हिंसा आदिको विरोध गर्ने जस्ता प्रयोजनका निम्ति उपयोग गरेका छन् जसले सांस्कृतिक क्षेत्रमा पुनर्जागरण ल्याउने र सांस्कृतिक अतीतलाई उत्खनन गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

**सन्दर्भ सामग्रीसूची**

*ईशादि नौ उपनिषद्,* द्वि.सं., गोरखपुर : गीताप्रेस, २०६० ।

टर्नस, रिचार्ड, *द प्यासन अफ द वेस्टर्न माइन्ड,* युएस्‌ए : पिम्लिको, ई. २००० ।

डुराँ, बिल, *द स्टोरी अफ फिलोसोफी,* न्यु योर्क : पकेट बुक्स, ई. २००६ ।

देवकोटा, लक्ष्मीप्रसाद, *सुलोचना,* बाह्रौं सं., ललितपुर : साझा प्रकाशन, २०६७ ।

---, "जीवन वन", *भिखारी,* पन्ध्रौं सं., ललितपुर : साझा प्रकाशन, २०५१, पृ. २५ ।

लोढा, कल्याणमल, "रहस्यवाद : अध्यात्म और विज्ञान : आधुनिक दृष्टि", *धर्म, दर्शन और विज्ञान में रहस्यवाद,* वाराणसी : विश्वविद्यालय प्रकाशन, ई. २००२, पृ. १-३१ ।

सिंह, शुकदेव, "रहस्यवाद का रहस्य और ज्योतिवाद", *धर्म, दर्शन और विज्ञान में रहस्यवाद,* वाराणसी : विश्वविद्यालय प्रकाशन, ई. २००२, पृ. ८१-९५ ।

सिन्हा, हरेन्द्रप्रसाद, *धर्म दर्शन की रूपरेखा,* दिल्ली : मोतीलाल बनारसीदास, ई. २०१२ ।